# News Release

**American Center, Embassy of the United States**
Yak & Yeti Complex (West Wing), Kathmandu. Tel: 444-5577

२०६४ बैशाख १३

## नान्सी जे. पावेल लाई नेपालका लागि अमेरिकी राजदुतमा शिफारिस गर्ने अमेरिकी राष्ट्रपतिको तयारी

अमेरिकी राष्ट्रपति जर्ज डब्लु. बुसले नान्सी जे. पावेललाई नेपालका लागि संयुक्त राज्य अमेरिकाको राजदुतका रुपमा शिफारिस गर्न लाग्नुभएको छ ।

अमेरिकी वरिष्ठ परराष्ट्र सेवाकी सदस्य नान्सी जे. पावेल हाल अमेरिकाको नेशनल इन्टेलिजेन्स काउन्सिलमा दक्षिण एशियाका लागि नेशनल इन्टेलिजेन्स अफिसर हुनुहुन्छ । यसअघि वहाँ अमेरिकी विदेश मन्त्रालयको 'ब्युरो अफ इन्टरनेशनल नार्कोटिक्स एण्ड ल इन्फोर्समेन्ट अफेयर्स' मा प्रमुख उप सहायकमन्त्रीका रुपमा कार्यरत हुनुहुन्थ्यो । पावेलले पाकिस्तान, घाना तथा युगान्डामा राजदुतका रुपमा काम गरिसक्नुभएको छ ।

आयोवा राज्यकी वासिन्दा पावेलले युनिभर्सिटी अफ नर्दर्न आयोवाबाट स्नातक उपाधि हासिल गर्नुभएको छ ।

###